म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ

गण्डकी प्रदेश, नेपाल

संख्या : २०७७/०७८ मिति : २०७८/०२/१७

सुचना सुचना सुचना

**विषय :–** कोभीड १९ नियन्त्रण सम्वन्धी पुन चौथो निर्णय कार्यन्वयन सम्वन्धमा ।

श्री सरोकार निकाय सवै
म्याग्दे गाउपालीका तनहु

प्रस्तुत विषय सम्वन्धमा मिति २०७८।०२।१४ गते तनहु का प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा वसेको वैठक सगै निषेधाज्ञा जारी सम्वन्धी पत्र तथा दैनिक रुपमा देखीएको कोभिड १९ रोगको संक्रमणदर सगैको उच्च जोखीम, र वर्तमान परिस्थीती समेतको विश्लेषण र आकलन गरी आजै मिति २०७८।०२।१७ गते वसेको गाउ कार्यपालीकाको १११ औ वैठक को निर्णय न. ९ अनुसार तपशिल बमोजिम १० बुदा कार्यन्वयन गर्नु गराउनुहुन यसै सुचना मार्फत जानकारी गराईन्छ ।

**तपशिल**

**१०.१,** कोभिड १९ को असर वढी नै देखीयको अवस्था सगै स्थानिय नागरीक लाई सुरक्षीत गर्नको लागी यस अगाडी गरीएका निर्णय अनुसारका सवै प्रयास लाई निरन्तरता दिने तर कथम कदाचीत सोही रोगको कारण ले मृत्यु भएमा मृतकको दाहासस्कार तथा काजकृर्या को लागी रु १५ हजार आर्थिक सहयोग उपलब्ध गराउने सो कार्यको लागी श्रोत ब्यवस्थापन गर्न गाउपालीका कार्यलय, वडा र फिल्डमा कार्यरत (स्वास्थ्य सेवा का कर्मचारी र शिक्षक वाहेक) अरु सवै कर्मचारी पदाधिकारीको २०७८ जेष्ठ महिना को शुरु तलव पारीश्रमीक वाट २/२ दिन को तलव कट्टी गर्ने साथै स्वःस्फुर्त रुपमा सहयोग गर्न चाहने ब्यक्ती तथा सस्था लाई सहयोगको लागी आव्हान गर्ने ।

**१०.२,** संघिय सरकार वाट प्राप्त हुने भनियको रु १० लाख तथा प्रदेश सरकार वाट प्राप्त हुने भनियको रु ५ लाख कोभिड कोषमा नै जम्मा गरी सो को परिपत्र , निर्देशन ,र निर्णय अनुसार खर्च गर्ने ।

**१०.३,** हाल लाई अर्को ब्यबस्था नभए सम्मको लागी विद्यालयको पठन पाठन भौतीक उपस्थीती मा नगर्ने तर परिक्षा सञ्चालन सम्बन्धमा तपशिल बमोजिम गर्ने गरी सवै विद्यालय लाई परिपत्र निर्देशन गर्ने ।

**तपशिल**

१. शैक्षिक सत्र २०७७ को कक्षा १-९ सम्मको वार्षिक मुल्याङ्कन विषयगत रुपमा यस अगाडी सञ्चालन

माया देवी राना (आले)
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

भएका त्रैमासिक, अर्धवार्षिक परिक्षाको अंकलाई आधार मानी ५०% अंक प्रदान गर्ने र बाकी ५०% अंक निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीका सुचकहरु (कक्षा कार्य, गृहकार्य, विद्यार्थी हाजिरी, व्यवहार परिवर्तन), अनलाईन कक्षामा भएका सिकाइ,अन्य विधिबाट लिईएको मुल्याङ्कन लगायतलाई आधार मानी वार्षिक नतिजा तयार गर्ने ।

२. कक्षा ८ को विद्यार्थीको समेत बुदाँ नं १ मा उल्लेख भएअनुसार मुल्याङ्कन गरि यही २०७८/०२/३१ गते विद्यालयको IEMIS मा अंक प्रविष्ट गर्ने ।

३. कक्षा ८ को आन्तरिक मुल्याङ्कनका लागि कक्षा शिक्षक, कक्षा ८ मा अध्यापन गराउने शिक्षकबाट वरिष्ठ शिक्षक र प्रधानाध्यापक गरि ३ जनाको मुल्याङ्कन समितिबाट अभिलेख तयार गरि सो नतिजा म्याग्दे गा.पा. शिक्षा शाखाको इमेल ठेगाना myagderuralmunedu@gmail.com मा पठाउने ।

४. नतिजा प्रकाशनको लागि शिक्षकहरुले एक अर्कामा विद्यार्थीको प्राप्ताङ्क आदान प्रदान गर्दा विद्युतिय माध्यमको प्रयोग गर्ने तथा नतिजा प्रकाशन पनि विद्युतिय माध्यमबाट गर्ने ।

५. सवै विद्यालयहरुले शैक्षिक सत्र २०७७ को वार्षिक मुल्याङेकनको नतिजा जेठ मसान्त सम्म प्रकाशन गरि नयाँ शैक्षिक सत्रका लागि तयारी अवस्थामा रहने ।

**१०.४** गाउपालीका भित्र रहेका सरकारी कारोवार र नागरीकको निक्षेप तथा वचत संकलन गर्ने वैंक तथा वितिय सस्था र सहकारी सस्थाहरुको हकमा आर्थिक वर्षको अन्तिम चरण सगै उपभोक्ता, निर्माण व्यबसायी, र नागरीकको आवश्यक्ता र भुक्तानी लाई मध्येनजर गरी हप्तामा ३ दिन, दैनिक ३ घण्टा खोली ( सामाजीक सुरक्षा भत्ता वाहेक) आन्तरीक काम काज सहित अन्य सेवा प्रवाहा गर्ने गराउने ।

**१०.५,** आर्थिक वर्षको अन्तिम समय सगै चालु आ.व. को वाकी योजना कार्यन्वयन अगाडी वढाउन पर्ने अवस्था,आगामी आ.व. ०७८।०७९ को वजेट निर्माण लाई तिव्रता रुपमा दिनुपर्ने पर्ने अवस्था र वर्तमान को कोभिड को असर र सो सगै निषेधाज्ञा समेत लाई मध्येनजर गरी निषेधाज्ञा निरन्तर रहेको अवस्था नै भए पनि अर्को निर्णय नभए सम्म को लागी स्वास्थ्य मापदण्डको पालना र सामाजीक दुरी कायम गरी कार्यलय सञ्चालन सम्बन्धमा तपशिल बमोजिम गर्ने गराउने ।

**तपशिल**

| कार्यालय विवरण | जेष्ठमा कार्यलय खोल्ने समय तथा गते | असाढ मा कार्यलय खोल्ने समय तथा गते | कार्यलय मा उपस्थीत हुने कर्मचारी विवरण | कैफिएत |
|---|---|---|---|---|
| गाउपालीका | ( १९,२१,२३,२५, | १ देखी १० गते सम्म | प्रमुख प्रशासकिय अधिकृत, | परिस्थीति फरक |

माया देवी राना (आले)
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

| कार्यालय विवरण | जेष्ठमा कार्यलय खोल्ने समय तथा गते | अषाढ मा कार्यलय खोल्ने समय तथा गते | कार्यलय मा उपस्थीत हुने कर्मचारी विवरण | कैफिएत |
|---|---|---|---|---|
| गाउपालीका कार्यालय तर्फ | ( १९,२१,२३,२५, २७,३०,३१ गरी ७ दिन ) | १ देखी १० गते सम्म नियमित ९ दिन सो पश्चात कार्यपालीका को निर्णय र क्रोभिड क्रो प्रभाव असर हेरी गर्ने | प्रमुख प्रशासकिय अधिकृत, लेखा, प्राविधिक, योजना शाखा अनिवार्य, अन्य शाखा मा २ जना भएमा आलो पालो गरी १/१ दिन गरी १/१ जना मात्र तर १ जना मात्र भएमा नियमीत | परिस्थीति फरक भएमा पुन तत्काल को निर्णय अनुसार शंशोधन हुने |
| वडा कार्यालय तर्फ | (२०,२३,२५,२७, ३०,३१,गरी ६ दिन) | १ देखी १० सम्म नियमित ९ दिन सो पश्चात कार्यपालीका को निर्णय र कोभिड को प्रभाव असर हेरी गर्ने | वडा सचिव, प्राविधिक , सामाजीक परिचालक १, कार्यलय सहयोगी १, तोकीयको दिनमा निरन्तर। | परिस्थीति फरक भएमा पुन तत्काल को निर्णय अनुसार शंशोधन हुने |
| स्वास्थ्य शाखा तथा सबै स्वास्थ्य सस्याहरु | दैनिक खोल्ने तर आवश्यकता हेरी आलोपालो गर्ने। | दैनिक खोल्ने तर आवश्यकता हेरी आलोपालो गर्ने। | आलोपालो वा सबै काम र भुमीका हेरी | परिस्थीति फरक भएमा पुन तत्काल को निर्णय अनुसार शंशोधन हुने |

**१०.६,**

कोभिड १९ को कारण ले मृत्यु भएका ब्यक्तीका एकाघरका आफन्त तथा परिवार ले मृतकको लास सामाजीक परम्परा अनुसार आफै दाहासस्कार गर्न चाहेको खण्डमा केन्द्र सरकार र प्रदेश सरकार ले वनाएको मापदण्ड का साथै तपशिल बमोजिम स्वास्थ्य मापदण्ड भित्र रही स्वास्थ्य शाखा र वडा कार्यलय मार्फत अनुमती दिई दाहासस्कार गर्न सक्ने छन्

**तपशिल**

माया देवी राना (आले)
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

| सि.न | मृत्यु को प्रकृति तथा स्थान | दाहासस्कार को मापदण्ड १ | दाहासस्कार को मापदण्ड २ | दाहा सस्कार को मापदण्ड ३ |
|---|---|---|---|---|
| ०१ | कोभिड को कारण ले म्याग्दे गाउपालीका वा तनहु भित्र भएको मृतक को डेड वडि को हकमा मात्र । | शव वाहान, पि.पि.ई. सेट ५थान, स्यानीटाईजर, N ९५ मास्क, ग्लोव्स, सोही अनुसार स्वास्थ्य सामग्रीहरु स्वास्थ्य शाखा ले तोके अनुसार का सवै आफै व्यवस्था गरेको तर डेड वडी वेग गाउपालीका वाट व्यवस्था हुने, | निकट परिवारका ४० वर्ष भित्रका ५ जना पुरुष मात्र सहभागी हुनुपर्ने, स्वास्थ मापदण्ड पुर्ण पालना गर्नु पर्ने, दाहा सस्कार पश्चात सुरक्षीत १४ दिन बेग्ला वेग्लै वस्न सक्ने स्थान तय भई सकेको, सो पश्चात पि.सी.आर. गरेर मात्र घर परिवार सग वस्न सक्ने, वृद्ध दिर्घ रोगी घरमा नभएको परिवार सदस्य हुनुपर्ने । | मानव वस्ती वाट केही टाढा तथा विवाद रहित सुरक्षीत दाहासस्कार स्थान को व्यवस्था, डोजर मार्फत खनी पुर्ने ब्यवस्था, वा दाउरा मार्फत जलाउने भए सो को पुर्व तयारी व्यवस्था सहित घर परिवार , सगैका टोल छिमेकी र वडाको सहमती भएको । |
| | जम्मा | | | |

**१०.७** कोभिड १९ का विरामीको मनोवल उच्च राख्नको लागी घरमै होम आईसोलेशनमा वसेका विरामीको हकमा मात्र गाउपालीका र विभिन्न संघ सस्थाको सहयोगमा स्वास्थ्य कर्मि , पदाधिकारी,स्वास्थ्य शाखा मार्फत सामाजीक दुरी कायम गरी मास्क, स्यानीटाईजर र अन्य सामग्री सहीत भेटघाट कार्यक्रम लाई जोड दिने ।

**१०.८** कोभिड को माहामारी समयमा विरामी लगायत अस्पताल र कार्यलय सग प्रत्यक्ष सम्पर्क समन्वयमा सहजता गर्नको लागी २ वटा एम्वुलेन्स चालक लाई जनही १/१ थान मोवाईल सेट, सिम, र मासीक ३५० रिचार्ज खर्च उपलब्ध गराउने ।

**१०.९** कोभिड १९ को संक्रमण पुष्टी भएका विरामी मध्ये श्रमजीवि तथा अति विपन्न पहिचानका आधारमा संक्रमीत लाई स्वास्थ्य शाखा ,वडाको सिफारीस वा अध्यक्ष, उपाध्यक्ष ले उपयुक्त ठहर गरेको व्यक्ती तथा परिवार सदस्य लाई तत्कालको आवश्यक्ता को आधारमा चामल, नुन, तेल, लगायतको खाद्यान्न सामाग्री कोभिड कोष वाट वितरण गर्ने ।

**१०.१०,** मिति २०७८।०२।१४ मा तनहुका प्रमुख जिल्ला अधिकारी को अध्यक्षतामा वसेको टी.सी.सी.एम.सी. को बैठकको निर्णय सगै प्रमुख जिल्ला अधिकारी बाट जारी निषेधाज्ञा पालना गर्ने ।

माया देवी राना (आले)
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner